# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०५।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला ललितपुर गोदावरी न.पा.-११, बज्रबाराही स्थित गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद जैसी र सव-इन्जिनियर किशोर कुमार मोक्तानले निर्माणाधिन आयोजनाको बिल भुक्तानीका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निजहरु कृष्णप्रसाद जैसी र किशोर कुमार मोक्तानलाई सेवाग्राहीबाट रु. १,५०,०००/- (एक लाख पचास हजार) घुस/रिसवत बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा गोदावरी नगरपालिका ललितपुरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद जैसी र सव-इन्जिनियर किशोर कुमार मोक्तानसमेतले निर्माण कार्य सम्पन्न भएको कामको बिल भुक्तानी दिनको लागि घुस/रिसवत माग गरी नदिएमा बिल भुक्तानी गर्न नसक्ने भनी चेकहरु नदिई रोकी सेवाग्राहीसँग घुस/रिसवत रकम रु.१,५०,०००।- लिई भ्रष्टाचार गरेको पुष्टि हुन आएको हुँदा निज प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद जैसी र सव-इन्जिनियर किशोर कुमार मोक्तानले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेकोले निज कृष्ण प्रसाद जैसी र सव-इन्जिनियर किशोर कुमार मोक्तानलाई बिगो रु.१,५०,०००।– (एक लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी